# कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ्ग, रसुवा
बागमती प्रदेश

प.सं. २०८३/०८४
च.नं. :

फोनः ०१०-५४२०१८

**खाना पकाउने ग्याँस ढुवानी अनुदान रोक्का गरिएको सम्बन्धी सूचना !!!**

सूचना प्रकाशित मिति : २०८३/०६/०९

यस कालिका गाउँपालिका क्षेत्रका बासिन्दाहरूलाई खाना पकाउने ग्याँसको आपूर्तिमा समस्या उत्पन्न भएको अवस्थामा भोटेकोशी नदीका कारण उत्पन्न असहज परिस्थितिलाई मध्यनजर गर्दै गाउँपालिकाको कार्यालयबाट खाना पकाउने ग्याँस ढुवानीमा अनुदान उपलब्ध गराउने सम्बन्धी सूचना यसअघि प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी नै छ।

हाल गाउँपालिका क्षेत्रमा खाना पकाउने ग्याँसको आपूर्तिमा केही सहज भई खाना पकाउने ग्याँसको उपलब्धतामा सहजता हुन थालेकाले **यसअघि प्रदान गरिँदै आएको खाना पकाउने ग्याँस ढुवानी अनुदान अर्को सूचना प्रकाशन नभएसम्मका लागि रोक्का गरिएको** व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

यसबाट सम्बन्धित सबैमा पर्न गएको असुविधाप्रति गाउँपालिका कार्यालय क्षमाप्रार्थी छ। आवश्यकता तथा परिस्थितिअनुसार अनुदान पुनः उपलब्ध गराउने सम्बन्धमा छुट्टै सूचना प्रकाशन गरिनेछ।

..................................
धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत